# सरकारी विज्ञापन विवाद चर्किंदै

## स्थानीय तहलाई निर्णय नमान्न पत्रकार महासंघको आह्वान

**काठमाडौं (नेस)**

सरकारी विज्ञापन केवल सरकारी सञ्चार माध्यममा मात्र दिने निर्णयविरुद्ध नेपाल पत्रकार महासंघले देशव्यापी रूपमा दबाबमूलक आन्दोलन तीव्र बनाएको छ। महासंघले संघीय सरकारको उक्त निर्णयलाई विभेदकारी भन्दै स्थानीय तहलाई उक्त निर्णय कार्यान्वयन नगर्न आह्वान गर्दै देशभर ज्ञापनपत्र बुझाएको छ।

महासंघको केन्द्रीय कार्यक्रमअनुसार बिहीबार ७७ वटै जिल्ला शाखामार्फत जिल्ला प्रशासन कार्यालय हुँदै प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाइएको छ। महासंघका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८२ चैत १८ गते जारी गरेको परिपत्रले सरकारी विज्ञापन सरकारी सञ्चार माध्यममा मात्र सीमित गर्ने व्यवस्था गरेको छ, जुन प्रेस स्वतन्त्रता र संविधानविपरीत रहेको ठहर गरिएको छ।

यसैक्रममा कास्की र सिन्धुलीलगायत जिल्लामा जिल्ला समन्वय समितिमार्फत स्थानीय तहलाई निर्णय कार्यान्वयन नगर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाइएको छ। सिन्धुलीमा महासंघका अध्यक्ष बाबुराम देवकोटाको नेतृत्वमा गएको टोलीले नौवटै स्थानीय तहका लागि ज्ञापनपत्र पेस गरेको जनाएको छ।

ज्ञापनपत्र बुझ्दै जिल्ला समन्वय समिति प्रमुख कार्साङ लामाले महासंघको अभियानप्रति ऐक्यबद्धता जनाउँदै सरकारको निर्णयले पत्रकारिता पेशा नै संकटमा पर्ने टिप्पणी गरेका छन्। महासंघले सरकारी निर्णयले निजी तथा सामुदायिक सञ्चार माध्यममाथि गम्भीर अन्याय गरेको बताएको छ। यस्तो निर्णयले सञ्चार क्षेत्रको सन्तुलन बिगार्ने, हजारौं पत्रकारको रोजगारी जोखिममा पार्ने र नागरिकको सूचनामा पहुँच सीमित गर्ने चेतावनी महासंघले दिएको छ।

देशभर सञ्चालित आन्दोलनअन्तर्गत महासंघले चरणबद्ध कार्यक्रम घोषणा गर्दै सरकारमाथि दबाब बढाइरहेको छ। प्रदेशस्तरमा छलफल, जिल्ला प्रशासनमार्फत ज्ञापनपत्र, पत्रकार सम्मेलन, सम्पादकीय ऐक्यवद्धता र सामाजिक सञ्जाल अभियान सञ्चालन भइसकेका छन्। महासंघका पदाधिकारीहरूका अनुसार यो आन्दोलन यतिमै सीमित रहने छैन। माग सम्बोधन नभए थप सशक्त आन्दोलनका कार्यक्रम ल्याइने चेतावनी दिइएको छ।

सञ्चार क्षेत्रका सरोकारवालाहरूका अनुसार सरकारी विज्ञापन मिडियाको मुख्य आम्दानी स्रोत हो। यस्तो अवस्थामा विज्ञापन रोकिँदा साना तथा मध्यम सञ्चार माध्यम बन्द हुने, सूचना प्रवाह असन्तुलित हुने र लोकतान्त्रिक अभ्यास कमजोर हुने खतरा बढ्ने देखिएको छ। नेपालमा निजी क्षेत्रबाट सञ्चालित सञ्चार माध्यमहरूले लोकतन्त्र स्थापना र सुदृढीकरणमा महत्वपूर्ण भूमिका खेलेका छन्। जनताको आवाज उठाउने, सरकारलाई जवाफदेही बनाउने र समाजका विकृति उजागर गर्ने कार्यमा निजी मिडियाको योगदान ऐतिहासिक रहेको छ।

महासंघले स्पष्ट रूपमा भनेको छ –'सरकारी मिडियामात्र पर्याप्त छैनन्। देशभर सूचना प्रवाहका लागि निजी र सामुदायिक सञ्चारमाध्यम अपरिहार्य छन्।' सरकारको निर्णयलाई संघीयताको मर्मविपरीत भन्दै प्रदेश सरकारहरूले समेत असन्तुष्टि जनाउन थालेका छन्। यसले केन्द्र र प्रदेशबीचको सम्बन्धमा समेत प्रश्न उठाएको छ।

### राजनीतिक...

लोकसेवा आयोगलाई वर्तमान संविधानले पनि ठूलो जिम्मेवारी र छनोटको अधिकार दिँदै आएको छ। आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले सबै प्रकारका राजनीतिक नियुक्तिहरू मेरिटोक्रेसीका आधारमा हुनु निकै सकारात्मक रहेको बताउनुभयो। अध्यक्ष रेग्मीले यो राम्रो उद्देश्यले गर्न लागिएकाले लोकसेवा आयोग सरकारले दिने जुनसुकै जिम्मेवारी र भूमिका पनि सफलता र थप विश्वसनीयताका साथ पूरा गर्न सक्षम रहेको बताउनुभयो।

विश्लेषकहरूका अनुसार सबै राजनीतिक नियुक्तिहरू मेरिटोक्रेसीका आधामा गरिए सुशासनको सुदृढीकरण हुन्छ। योग्यता र प्रतिस्पर्धाबाट आएका व्यक्तिहरू संस्थागत मूल्य र विधिको सम्मान गर्छन्। यसले निर्णय प्रक्रिया पारदर्शी र उत्तरदायी बनाउने विश्लेषण विश्लेषकहरूको छ। यसै गरी यस प्रकारको नियुक्तिले पैसाको चलखेल हट्छ, त्यसको 'रिटर्न अन इन्भेस्टमेन्ट' मानसिकता पनि हट्छ। यसले नीतिगत भ्रष्टाचार स्वतः घटाउँछ। यस्तै यो प्रक्रियाले संस्थागत क्षमता वृद्धि गर्दै दक्ष र सक्षम जनशक्ति भित्र्याउँछ, जसले नीति निर्माण र कार्यान्वयन दुवैलाई प्रभावकारी बनाउने विश्लेषण सुशासनविद्हरूको छ। निष्पक्ष प्रतिस्पर्धाबाट नियुक्ति हुँदा नागरिकमा राज्यप्रति विश्वास बढ्नुका साथै लोकतन्त्रलाई बलियो बनाउँछ। यसै गरी खुला प्रतिस्पर्धात्मक प्रणालीले नेताहरूको प्रत्यक्ष हस्तक्षेप घटाउने र संस्थागत स्वतन्त्रता सुनिश्चित हुने सुशासनविद्को भनाइ छ। उनीहरूका अनुसार 'सोर्सफोर्स' बिना पनि अवसर पाइन्छ भन्ने विश्वास बढ्दा प्रतिभावान युवाहरू देशमै अवसर खोज्न प्रेरित हुन्छन् भने योग्य व्यक्तिहरू दीर्घकालीन सोचका साथ काम गर्छन्, जसले नीति निरन्तरता र स्थायित्व ल्याउँछ।

विज्ञहरूका अनुसार सरकारको यो पहल स्वागतयोग्य भए पनि यसको सफलता कार्यान्वयनमा निर्भर रहनेछ। ऐन संशोधन, छनोट प्रक्रिया र संस्थागत स्वतन्त्रतालगायत सबै पक्षलाई निष्पक्ष र पारदर्शी रूपमा लागू गर्न सकिएमा मात्र यो अभियानले वास्तविक अर्थमा 'सिस्टम परिवर्तन' गर्नेछ। अन्यथा, राम्रो उद्देश्य पनि पुरानै प्रवृत्तिको सिकार बन्न सक्ने जोखिम रहने भन्दै विज्ञहरूले सतर्क रहन सरकारलाई सुझाएका छन्।

### १० स्थानीय...

हिजो बुधबार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बसेको बैठकले माइकिङ गरी १८ गतेबाट भत्काउने निर्णय गरेको हो। भत्काउने निर्णय भएलगत्तै सबै स्थानमा हिजैबाट माइकिङ सुरु गरिसकेको छ। सरकारले काठमाडौं महानगरपालिका, तारकेश्वर, शंकरापुर, नागार्जुन, बूढानीलकण्ठ, चन्द्रागिरि, कीर्तिपुर, टोखा र कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रका अतिक्रमित बस्ती खाली गर्न लागेको हो।

यसैबीच सरकारले सुकम्बासी वर्गीकरण गर्ने तयारी गरेको छ। वर्गीकरण गरेको सुकुम्बासीलाई सोहीअनुसार सुविधा दिने तयारी सरकारको छ।

### श्रीमान्...

विभागले विकल पौडेलमाथि ६१ करोड १३ लाख २१ हजार १५३ रुपियाँ २० पैसा र एलिना बस्नेतमाथि ७ करोड ८१ लाख ४४ हजार ५१ रुपियाँ ५० पैसा बिगो कायम गरेको छ। दुवैको संयुक्त बिगो रकम ६८ करोड १४ लाख ६५ हजार २०४ रुपियाँ ७० पैसा पुगेको छ।

विभागले सोही ऐनको दफा ३० अनुसार बिगोको दोब्बर जरिवाना तथा कसुरको मात्राअनुसार कैद सजाय माग गरेको छ। साथै, दफा ३४ बमोजिम अवैध रूपमा आर्जित सम्पत्ति जफत गर्नुपर्ने मागदाबी पनि गरिएको छ।

विभागको अनुसन्धान प्रतिवेदन तथा रायका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमार्फत् २०८३ वैशाख १६ गते काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर गरिएको विभागले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। विकलविरुद्ध यसअघि पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको थियो।

### अध्यादेशको...

सरकारले सिफारिस गरेका पाँचवटा अध्यादेश स्वीकृत नगर्न पनि उनीहरूले राष्ट्रपतिसमक्ष आग्रह गरेका छन्। यही बेला विपक्षी दलहरूले गरेको आग्रहअनुसार राष्ट्रपतिले अध्यादेश फिर्ता गर्लान् वा स्वीकृति गर्लान् भन्ने सबैको चासो सोझिएको छ।

संविधानविद् तथा वरिष्ठ अधिवक्ता डा. भीमार्जुन आचार्यले संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा योभन्दा अगाडि राष्ट्रपति र राष्ट्रपति कार्यालयबाट के-के निर्णय भएका छन्, त्यसलाई सम्झनामा राखेर निर्णय लिनुपर्ने बताउनुभयो। 'राष्ट्रपति संस्थाले यसअघि गरेका कामलाई संस्थागत सम्झनामा राख्नुपर्छ। त्यो राष्ट्रपतिको दायित्व हुन्छ। आफूले यसअघि गरेको कामविपरीत छ भने सोच्न पाइन्छ। होल्डमा राख्न पाइन्छ' -उहाँले भन्नुभयो। संविधानले राष्ट्रपतिलाई संरक्षक र पालक बनाएकाले त्यसअनुरूपको काम गर्न उनलाई बाधा अड्काउ नरहेको आचार्यको कथन रहेको छ।

यसैबीच रास्वपाले आम नागरिकले तत्काल गर्नुपर्ने काममा उठाएका प्रश्नको समाधान गर्नेगरी सरकारले अध्यादेश ल्याएको स्पष्ट पारेको छ। सिंहदरबारमा पार्टी सभापति रवि लामिछानेसहितका सांसदहरूको अनौपचारिक छलफलले यस्तो निष्कर्ष निकालेको महामन्त्रीसमेत रहेका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले बताउनुभयो।

उहाँका अनुसार, सरकारले ल्याएका अध्यादेशहरू कुनै व्यक्ति वा पार्टीलाई लाभ पुग्ने खालका छैनन्। 'आम नागरिकको म्यान्डेट छिटो काम गर भन्ने छ। हाम्रो कानुनको झमेला हेर्दा यो न्यूनतम पनि ३/४ महिना लाग्ने देखिन्छ। जुन कुरा एक सटमा हुनुपर्छ, त्यसैले अध्यादेश ल्याएको हो' -उहाँले भन्नुभयो।


धुनिवेशी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

**प्रकाशित सिलबन्दी दरभाउपत्र स्वीकृतीको आशयको सूचना**

मितिः–२०८३/०१/१६

यस धुनिवेशी नगरपालिकाको तपसिल वमोजिम उल्लेखित कामको लागि प्रकाशित सूचना अनुसार पेश हुन आएका देहाय बमोजिमका सिलबन्दी दरभाउपत्र दाताहरूको दरभाउपत्र सम्बन्धी मुल्क्यांकन गर्दा निम्न अनुसारको प्रस्ताब न्यूनतम मूल्यांकित तथा सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतका लागि छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | वोलपत्रदाताको नाम तथा ठेगाना | कवोल अंक भ्याट सहित रु. |
|---|---|---|---|---|
| १. | 37/GOODS/SQ/DM/2082/83 | Supply And Delivery of Computer, Laptop and Printer | Bimohan Enterprises, Kathmandu | ९८५३६०.०० (नौ लाख पचासी हजार तीन सय साठी रुपैंया मात्र) |

प्रमुख प्रशासकीय अधिकृत



## हार्दिक श्रद्धाञ्जली



जन्म
२००२ असोज १५ गते

स्वर्गारोहण
२०८३ बैशाख ०५ गते

स्व. घिसिया थारु

यस कम्पनीका लेबलर मेशिन अपरेटर **श्री विश्राम थारु** की ममतामयी आमा घिसिया थारुको ८१ वर्षको उमेरमा देहावसान भएको खबरले हामीलाई मर्माहत बनाएको छ। दुःखको यस घडीमा दिवंगत आत्मा प्रति भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनाका साथ हार्दिक समवेदना ब्यक्त गर्दछौं।

YETI BREWERY
**यती ब्रुअरी लिमिटेड परिवार**
कर्पोरेट कार्यालयः नारायणचौर, नक्साल, काठमाण्डौं
कारखानाः खैरहनी नगरपालिका-४, चैनपुर, चितवन



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, सुर्यविनायक शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०१/१७ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल चैत्र महिना ०६ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ। धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| तिर्थ बहादुर बस्नेतको नाती, केशब बहादुर बस्नेतको छोरा, भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ०५ बस्ने **मनोज कुमार बस्नेत** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ३ बस्ने **बिपना बस्नेत** । |
| केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ०५ बस्ने **महिमा बस्नेत** । |
| यज्ञ बहादुर खड्काको छोरी, मनोज कुमार बस्नेतको श्रीमती, भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ०५ बस्ने **तुलसा बस्नेत** । |
| केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ०५ बस्ने **अनिसा बस्नेत** । |
| कमल बहादुर कार्कीको नाती, विनोद कार्कीको छोरा, भक्तपुर जिल्ला, नंखेल गा.वि.स. वडा नं. ०६ बस्ने **विक्रम कार्की** । |
| **धितो सुरक्षणको विवरण :** |
| **मनोज कुमार बस्नेत**को नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स./न.पा. वडा नं. ५ को नक्सा सिट नं. ५(क)को कित्ता नं. १७५५ को ०-८-०-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा यस बैंकको कुनै पनि शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा सुर्यविनायक शाखामा सम्पर्क गर्न सकिने छ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९. बोलपत्र दाखिलक भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन।
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८३ साल जेठ महिना ०६ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८३ साल जेठ महिना ०८ गते।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ।**
**समय : दिनको ३:०० बजे।**

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com



standard chartered

### स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
### धितोमा रहेको घर/जग्गा लिलाम बिक्री तथा गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी १५ (पन्ध्र) दिने सूचना
### प्रकाशित मिति २०८३/०१/१७, (नेपाल समाचारपत्र)

तपसिलमा उल्लिखित ऋणीहरूले यस बैंकबाट प्राप्त गर्नुभएको व्यावसायिक कर्जा तथा घर कर्जा सम्बन्धी शर्तबन्देजहरू अनुसार यस बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आवश्यक रकम नतिरी नबुझाई बैंकसँग मञ्जुर गर्नु भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको हुँदा उक्त ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउँमा घरजग्गा धनीले धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा, बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको नियमानुसार लिलाम बिक्री गरिने भएको हुँदा सबैको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्रको आह्वान गरिएको छ।

अतः धितोमा रहेको उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति /फर्म /कम्पनी वा अन्य संगठित सघं सस्थांले यस बैंकको नयाँ बानेश्वर, काठमाडौं स्थित केन्द्रिय कार्यालय ऋण असुली विभाग, नारायणगढ, भरतपुर, चितवन स्थित शाखा कार्यालय तथा विराटनगर, महेन्द्रचोक, मोरङ स्थित शाखा कार्यालयहरूमा प्राप्त हुने गोप्य शिलबन्दी बोलपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सोही विभागमा बुझाउन सक्नु हुनेछ। गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ। उक्त बोलपत्र यो सूचना प्रकाशित भएको १६ (सोह्र) औँ दिनमा खोलिने छ। (बोलपत्र बुझाउने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ।) बोलपत्र पेश गर्नुहुने ईच्छुक व्यक्ति /फर्म /कम्पनी तथा ऋणी, सेयरधनी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत उक्त दिन बैंकमा उपस्थित हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिलमा उल्लिखित घर/जग्गा लिलाम बिक्री हुन नसकेमा अन्य प्रक्रियाबाट बिक्री गर्न सक्ने वा सो धितो बैंक आफैले प्रचलित कानून बमोजिम सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। साथै लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय सस्थांको ऋण असुली ऐन, २०५८, तथा सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरूको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो जमानीकर्ताहरू तथा व्यक्तिगत जमानतकर्ताहरू तथा सम्बन्धित सबैलाई यसै सूचनामार्फत जानकारी गराईन्छ। साथै, ऋणी तथा सम्बद्ध व्यक्तिहरू समेतले यो सूचनाको अवधि भित्रमा नै सम्पूर्ण ऋण कर्जा, ब्याज, जरिवाना तथा हर्जाना रकम समेत चुक्ता गरेमा लिलाम बिक्रि सम्बन्धी प्रक्रिया तत्कालै रद्द गर्न सकिने व्यहोरा जानकारी गराईन्छ।

**तपसिल**

<table>
<tr><th>सि.नं.</th><th>ऋणी/सेयरधनी/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ता को नाम, थर र वतन</th><th>धितोमा रहेको सम्पत्तिको विवरण</th></tr>
<tr><td>१.</td><td>ऋणीः नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १२८००८/०७१/०७२ कायम भै २०७१/०७/१९ मा दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०४, धुम्बाराही स्थित कम्पनीको रजिष्टर्ड कार्यालय ठेगाना रहेको श्री स्ट्रेना इन्टरनेशनल प्रा.लि.<br>सेयरधनी/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः श्री गोविन्द प्रसाद नेपालको नाती, श्री हेम प्रसाद नेपालको छोरा, चितवन जिल्ला चैनपुर वडा नं. ०२ स्थायी ठेगाना भै हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ०४ दिपज्योती मार्ग धुम्बाराही बस्ने वर्ष ५६ को श्री राजेन्द्र प्रसाद नेपाल (ना.प्र.नं. १४५४/२७६, जारी मितिः २०४५/०१/०३, जि.प्र.का. चितवन)<br>सेयरधनी/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः श्री चन्द्रनाथ उपाध्यायको नाती, श्री कोषनाथ उपाध्यायको छोरा, काठमाडौं जिल्ला का.म.न.पा वडा नं. १४ स्थायी ठेगाना भै हाल ऐ.ऐ. बस्ने वर्ष ४६ को श्री दिनेश अधिकारी (ना.प्र.नं. १२९२३/४५३०, जारी मितिः २०५४/०३/०५, जि.प्र.का. काठमाडौं)</td><td>व्यावसायिक कर्जा<table><tr><th>सि.नं.</th><th>जग्गाधनीको नाम</th><th>ठेगाना (जिल्ला/न.पा./गा.पा)</th><th>वडा नं.</th><th>कित्ता नं.</th><th>क्षेत्रफल/वर्ग.मि.</th></tr><tr><td>१.</td><td>श्री राजेन्द्र प्रसाद नेपाल</td><td>चितवन/हाजीपुर</td><td>०८</td><td>४७६</td><td>७११.१२ व.मि.</td></tr><tr><td>२.</td><td>श्री राजेन्द्र प्रसाद नेपाल</td><td>चितवन/हाजीपुर</td><td>०८</td><td>४७५</td><td>१३२०.६३ व.मि.</td></tr></table>घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।</td></tr>
<tr><td>२.</td><td>ऋणीः श्री जोगिन्दर ठाकुरको नाती, श्री लक्ष्मी ठाकुरको छोरा मोरङ जिल्ला, कटहरी वडा नं. ०६, स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने वर्ष ३६ को श्री किसन सोनी ठाकुर (ना.प्र.न. ७/५७१३ मोरङ, जारी मिति २०६३/०३/३०, जि.प्र.का. मोरङ)<br>सहऋणीः श्री शखीलाल ठाकुरकी नातीनी, श्री सुन्दरलाल ठाकुरकी छोरी, श्री जोगिन्दर ठाकुरकी बुहारी, श्री लक्ष्मी ठाकुरकी श्रीमती मोरङ जिल्ला, कटहरी वडा नं. ०६, स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने वर्ष ५३ की श्रीमती रेखादेवी ठाकुर (ना.प्र.नं. ७६९६ मोरङ, जारी मिति २०६२/०७/०४, जि.प्र.का. मोरङ)</td><td>घर कर्जा<table><tr><th>सि.नं.</th><th>जग्गाधनीको नाम</th><th>ठेगाना (जिल्ला/न.पा./गा.पा)</th><th>वडा नं.</th><th>कित्ता नं.</th><th>क्षेत्रफल/वर्ग.मि.</th></tr><tr><td>१.</td><td>श्रीमती रेखादेवी ठाकुर</td><td>मोरङ/कटहरी</td><td>०६</td><td>४२३</td><td>२२४.३३ व.मि.</td></tr></table>घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।</td></tr>
</table>

**लिलाम बिक्री सम्बन्धी शर्तहरूः**

१. बोलपत्र आह्वान तथा लिलाम बिक्रीको सूचना प्रकाशित भएको १६ (सोह्र) औँ दिन अर्थात मिति २०८३/०२/०१ गते शुक्रबारका दिन दिनको ठीक ०३:०० बजे बैंकको निम्न शाखा कार्यालयहरूमा खोलिने छ।
- स.नं. १ अन्तरगत प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू यस बैंकको नारायणगढ, भरतपुर, चितवन स्थित शाखा कार्यालयमा खोलिने छ।
- स.नं. २ अन्तरगत प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू यस बैंकको विराटनगर, महेन्द्रचोक, मोरङ स्थित शाखा कार्यालयमा खोलिने छ।

२. बैंकलाई प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू बोलपत्रदाता र/वा निजको प्रतिनिधि, सरकारी निकायका प्रतिनिधि र अन्य उपस्थित साक्षीको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि वा साक्षी अनुपस्थित हुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन।
३. बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रूपमा समेत स्वीकार गर्न सक्नेछ र यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
४. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम प्रक्रिया रोक्का वा बदर हुनेछ। बोलपत्र सदर भएपश्चात ऋणीले सम्पूर्ण रकम बुझाएको अवस्थामा समेत कुनै कारणवश बोलपत्र रद्द गर्नु पर्ने भएमा बोलपत्र रद्द गरी सम्पूर्ण रकम फिर्ता गर्न सकिनेछ।
५. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।